फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ख्वानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

(आ.व. २०८३।०८४ को चौथो बैठक)

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८३/०६/०५ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

*निर्णयहरुः*

१ यसअधिका कार्यपालिका बैठकहरुमा भएका निर्णय र उक्त निर्णयहरु कार्यान्वयनको अवस्थाका सम्बन्धमा समिक्षा भयो । यसअघिका बैठकहरुमा भएका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक भएको पाइयो ।

२ अघिल्लो कार्यपालिकाको निर्णय अनुसार विधायन समितिमा छलफल पश्चात सिफारिस भएको *'फलेवास नगरपालिकाको सुरक्षित आप्रवासन कार्यविधि, २०८३'* पारित गर्ने ।

३ चालु आर्थिक वर्ष २०८३।०८४ को पशु विकास शाखातर्फ स्वीकृत वार्षिक कार्यक्रममा 'एक वर्षे, बहुवर्षे घाँस र डालेघाँसका बिउ तथा बिरुवा बितरण कार्यक्रम ५० प्रतिशत साझेदारी' मा सञ्चालन गर्ने निर्णय भएकोमा पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को परिच्छेद ३ (७.७) मा भएको व्यवस्था अनुसार उक्त कार्यक्रममा किसानलाई शत प्रतिशत अनुदानमा एक वर्षे, बहुबर्षे र डालेघाँस बिउ तथा बिरुवा बितरण गर्ने गरी कार्यक्रम संशोधन गर्ने र उक्त शंसोधित कार्यक्रम अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने ।

४ चालु आर्थिक वर्षको वार्षिक नीति, योजना तथा कार्यक्रममा स्वीकृत स्थानीय स्तरमा रोजगारी सृजना हुने, स-साना मर्मत सम्भार तथा निर्माण कार्यहरु, उपभोक्ता समिति स्वयंले गर्न सक्ने र बढीमा रु १० लाख बजेट बिनियोजन भएका योजना तथा कार्यक्रमहरु सम्बन्धित वडाका जनप्रतिनिधिको रोहवरमा प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेलाबाट गठन भई सम्बन्धित वडा कार्यालयमा सूचीकृत भएका उपभोक्ता समितिहरु मार्फत योजना सम्झौता गरी निर्माण कार्य अगाडि बढाउने ।

५ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम यस नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगर तथा बालश्रम मुक्त नगर घोषणाका लागि उल्लिखित निर्देशिकामा भएको व्यवस्था बमोजिमको नगर स्तरीय, वडा स्तरीय र समुदाय स्तरीय बाल मैत्री स्थानीय शासन समिति गठन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धी कार्यहरु क्रमश वडा नं ७, ८, ९, २ र ६ बाट सघन रुपमा अगाडि बढाउने साथै उक्त कार्यमा थप प्रभावकारीता ल्याउन अनुगमन गर्ने, सम्पर्क समन्वय र सहजीकरण गर्ने तथा बाल मैत्री स्थानीय शासन र बालश्रम मुक्त नगर घोषणा सम्बन्धी

गंगाधर तिवारी
नगर प्रमुख

कार्यमा सहजीकरण गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय अनुसारको कार्यान्वयन सहजीकरण समिति गठन गर्ने ।

देहाय

१ संयोजक – प्रमुख प्रशासकीय अधिकृत

२ सदस्य – शाखा प्रमुखहरु (शिक्षा, स्वास्थ्य, योजना, पूर्वाधार, कृषि, आर्थिक प्रशासन, प्रशासन, कानून, विपद् व्यवस्थापन ।

३ सदस्य – वडा सचिव सम्बन्धित वडावाट

४ सदस्य – संयोजकद्धारा मनोनित नगरपालिका भित्र वालवालिकाको क्षेत्रमा क्रियाशिल गैससका प्रतिनिधि २ जना

५ सदस्य – स्थानीय बालक्लव सञ्जालका प्रतिनिधि २ जना (१ जना बालिका सहित)

६ सदस्य – नगरभित्र रहेका सामुदायिक विद्यालयका प्र.अ. मध्येबाट २ जना

७ सदस्य सचिव – महिला वालवालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख

६ फलेवास नगरपालिका वडा नं ३ निवासी श्यामला भुसालको सासु आमा देवि कुमारी भुसाल (ना.नं. ११९६) क्यान्सर र मृगौला सम्बन्धी रोगबाट पिडित भइ लामो समयदेखि उपचाररत रहेकोमा निजको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै स्वास्थ्य उपचारको लागि रु ५०,००० (अक्षरुपी पचासहजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

गंगाधर तिवारी
नगर प्रमुख